नेपाल सरकार

रक्षा मन्त्रालय

# प्रेस विज्ञप्ति

नेपाल भ्रमणमा रहनुभएका मित्रराष्ट्र म्यान्मारका Commander-in-Chief of Defence Services Senior General Min Aung Hlaing ले माननीय रक्षामन्त्री भीमसेनदास प्रधानसँग आज रक्षा मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नुभयो । भेटघाटको दौरान वहाँले नेपाल र म्यान्मार ऐतिहासिक, साँस्कृतिक, धार्मिक हिसाबले महत्वपूर्ण देश रहेको र दुई देशका जनताबीच सुमधुर सम्बन्ध रहेको बताउनु भयो । नेपाली सेनासँग सैन्य तालिम लगायतका विषयमा सहयोग आदान-प्रदान गर्न सकिने र शान्ति सेनामा नेपालको योगदान बारेमा दुई देशको सेनाबीच अनुभव बाँढ्नसकिने वहाँले बताउनुभयो । आगामी दिनमा आर्थिक कूटनीतिमार्फत म्यान्मार Economic Enterprise सँग सहकार्य बढाउनु उपयुक्त हुने विचार वहाँले राख्नुभयो ।

माननीय रक्षामन्त्रीले बुद्धको जन्मभूमि भएकोले दुई देशका जनताबीच धार्मिक सम्बन्ध अत्यन्त प्रगाढ रहेको र नेपाली मूलका करिब २ लाखले म्यान्मारमा बसोबास गरिरहेको बताउँदै प्रकोप व्यवस्थापनमा म्यान्मारको सेना र नेपाली सेनाबीच राम्रो सहकार्य हुनसक्ने धारणा राख्नुभयो । म्यान्मार पनि प्रजातान्त्रिक मुलुक भएकोले त्यहाँको विकास सम्बन्धी अनुभव आपसमा उपयोग गर्दै दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध थप विस्तार गर्नु पर्ने वहाँले बताउनुभयो । सेना-सेनाबीच र सरकारी तवरमा पनि भ्रमणको आदान-प्रदान आवश्यक रहने वहाँले बताउनुभयो ।

भेटवार्ताको अन्त्यमा जनरल Hlaing ले माननीय रक्षामन्त्रीलाई म्यान्मार भ्रमणको लागि आफ्नो मन्त्रालय मार्फत् निम्ता पठाइने जानकारी दिनुभयो । उक्त भेटका दौरान रक्षा सचिव विनोद के.सी. र दुबै देशका उच्च अधिकारीहरुको उपस्थिति थियो ।

सिंहदरबार, काठमाडौं
२०७४/०८/२५

आनन्दराम रेग्मी
सह-सचिव